# मातृ भाषाको विकासः विचार पत्र

**केशर जङग बराल**

## १. भाषा के हो?

भाषा भनेको एक आपसमा संचार गर्ने माध्यम हो । यस अर्थमा सवै जातिको संचार गर्ने माध्यम छुट्टा छुट्टै हुन्छ । मानव जातिमा मात्र नभै सबैं प्राणी जगतमा एक आपसमा संचार विभिन्न तरिकाले गरिन्छ । समयको अन्तरालमा संचारको लागि प्रयोग भएका संकेत ध्वनीमा र लिपिमा विकास भयो । कुनै भाषा ध्वनिमा मात्र सिमित रहयो भने कुनैमा लिपिको विकास भै धेरै धनि भए । मगरांती भाषा नेपालको अति अविकसित तर धनि भाषाहरु मध्ये एक हो ।

## २. मातृभाषा **भनेको के हो?**

साधारणतया आफ्नो जन्मभूमिमा बोल्ने भाषालाई मातृभाषा भनिन्छ । मातृभाषा भन्नाले

- आमाले वोल्ने भाषा
- आमा वुबाले वोल्ने भाषा
- जन्मभूमिमा वोल्ने भाषा
- मगरहरुले बोल्ने भाषा

लाई वुभिन्छ । कहयौ मगरहरुको मातृभाषा  नेपाली भाषा नै हुन सक्दछ । कहयौ मगरका आमा एउटा भाषा वोल्ने र वुवा अर्को भाषा वोल्ने हुनसक्छ । त्यसैले यस विचार-पत्रका लागि मातृभाषा भन्नाले मगरहरु वोल्ने जातिय भाषालाई भनिएको छ ।

## ३. मातृभाषाको विकास भनेको के हो?

संसारमा कुनै पनि कुरा परिवर्तनशिल छ । परिवर्तनका प्रभाव मानिसको जिवनमा/कुनै कुरामा नकारात्मक वा सकारात्मक पर्न सक्दछ । सकारात्मक किसिमको असर पर्ने किसिमको परिर्वतनलाई नै विकास भनिन्छ।

मातृभाषामा सकारात्मक असर पर्ने किसिमको परिवर्तनलाई नै विकास भनिन्छ । निम्न कुराहरुलाई मातृभाषाको विकासको सूचकको रुपमा लिन सकिन्छः

- भाषा वोल्ने व्यक्तिहरुको संख्या
- लेख्य भाषाको लागि लिपिको विकास

- भाषाको प्रयोग
  - आम संचार
  - मनोरञ्जनको माध्यम
  - शिक्षा दिने माध्यम
- साहित्यको विकास

अव मातृभाषाको विकास भन्नाले भाषाको यी परिशूचकहरुमा आयको सकारात्मक परिवर्तन लाई वुझिन्छ ।

नेपालका मगरहरु तिब्वती र तिब्वती-वर्मेली परिवारका भाषा वोल्ने गर्दछन् । रोल्पा, रुकुम, प्यूठान, वागलुङगका निजीभूजी र डोल्पाका मगरहरु विव्वती परिवारका भाषा वोल्दछन् । यसमा पनि रोल्पा, रुकुम, निसीभूजीका मगरहरु वोलिने भाषा र डोल्पाका मगरहरु वोलिने भाषामा अन्तर पाइन्छ । यी मगरहरु वोल्ने भाषालाई क्रमश खाम र काइके भाषा भनिन्छ । विव्वती-वर्मेली परिवारका भाषा बोल्ने मगर अधिराज्य भरी नै वसोवास गर्दै आएका छन् । विशेष गरेर यो मगर भाषा वोल्ने मगरहरुको वाहुल्यता पाल्पा, स्याङजा र तनँहु जिल्लाहरुमा छ । श्री ५ को सरकारले यो भाषालाई मात्र मगर भाषा भनेर मान्यता दिएको छ । श्री ५ को सरकारको मगरभाषा सम्बन्धि यो अवधारणा गलत छ । मेरो विचारमा सम्पूर्ण मगरहरु वोलिने भाषा नै मगर भाषा हो । यसमा खाम, काइके र श्री ५ को सरकारको भाषामा ढढनिर्मित मगर भाषालाई समेटेर संमग्र रुपमा मगरहरु वोलिने जातिय भषालाई मगरांती भाषा भनेर श्री ५ को सरकारले मान्यता दिनु पर्दछ । त्यसैले यस विचार-पत्रमा मगरहरुको मातृभाषालाई मगर भाषा नभनीकन मगरांती भाषा भनिएको छ ।

## ४. मातृभाषाको विकासको अवस्था

माथि उल्लेख गरिएको भाषा विकासका परिसूचकहरुको आधारमा मगरांती भाषाको विकासको अवस्थालाई विश्लेषण तल गरिएको छ ।

### ४.१. मगरांती भाषीहरको संख्या

जनगणनामा भाषा वोल्ने व्यक्तिहरुको मात्र तथ्याङ्क लिदा श्री ५ को सरकारले मगर भाषा वोल्ने व्यक्तिहरुको मात्रै तथ्याङ्क संकलन गरेको छ । यसले काइके र खाम भाषालाइ समावेश गरेको छैन । सायद यसले यी भाषाहरुलाई अन्य स्थानिय भाषामा समावेश गरेको हुनु पर्दछ । काईके र खाम मगरांती भाषालाई अन्य स्थानिय भाषामा समावेश गर्नु भनेको यी भाषाको अस्तित्व नस्वीकारनु हो

। त्यसैले खाम र काइके भाषीहरुको तथ्याङ्क अधिकारिक रुपमा छैन । तिव्वती-वर्मेली परिवारको मगरांती भाषीहरुको मात्र अधिकारिक तथ्याङ्क उपलब्ध छ ।

**मगरभाषीहरुको संख्या**

| जनगणना वर्ष | संख्या | % | वृद्धिदर (साधारण) | कुलजनसंख्या | कुलजनसंख्याको वृद्धिदर |
|---|---|---|---|---|---|
| २००९ | २,७२,७८० | ३.२ | - | ८४,७३,००० | - |
| २०१८ | २,५४,६७८ | २.७१ | (६.६) | ९४,१३,००० | ११.०९ |
| २०२८ | २,८८,३८१ | २.५ | १३.२ | १,१५,५५,९८३ | २२.७७ |
| २०३८ | २,१२,६८१ | १.४ | (२६.२५) | १,५०,२२,८३९ | ३० |
| २०४८ | ४,३०,२६४ | २.३ | १०२.३१ | १,८४,९१०९७ | २३.०९ |

श्रोतः श्री ५ को सरकार तथ्याङ्क विभाग ।

मगरभाषीहरुको भौगोलिक वितरणको हिसावले मगरांती भाषा नेपाली भाषा पछि दोस्रो भाषा हो । अधिराज्यको ७५ जिल्लाहरु मध्ये वाजुरा वाहेक अरु जिल्लाहरुमा मगर भाषा वोल्ने गरिनछ । नेपाल अधिराज्य वाहेक सिकिम र भुटानमा पनि मगर भाषा वोलिन्छ । भौगोलिक हिसावले मगरांतीभाषीहरुका क्षत्रिय वितरण निम्न अनुसार छः

**मगरभाषीहरुको क्षत्रिय वितरण (२०४८ सालको जनगणना अनुसार)**

| क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|
| पूर्वाञ्चल | १,०५,६५० | २४.५६ |
| मध्यमाञ्चल | ७४,४५५ | १७.३ |
| पश्चिमाञ्चल | २,१३,२४४ | ४९.५७ |
| मध्य पश्चिमाञ्चल | ३२,३६७ | ७.५२ |
| सुदूर पश्चिमाञ्चल | ४,५२३ | १.०५ |
| जम्मा | ४,३०,२६४ | १०० |

स्रोतः श्री ५ को सरकारको तथ्याङ्क विभाग ।

यसरी मगरांती भाषीको मूलथलो भनेको पश्चिमाञ्चल-लुम्बिनी, गण्डकी र धौलागिरी, हो । यसमा पनि लुम्विनी र गण्डकी यसको मूल थलो हो । यी अञ्चलहरुमा पनि तनहुँ, स्याङजा, पाल्पा र नवलपरासी मगरांती भाषा वोलिने प्रमुख जिल्लाहरु हुन ।

पूर्वाञ्चलका मोरङग, धनकुट्टा, ओखलढुंगा र उदयपुर, मध्यमाञ्चलको सिन्धुली, मध्यपश्चिमाञ्चलको रोल्पा मगरांती भाषा वोलिने प्रमुख जिल्लाहरु हुन । सुदुर पश्चिमाञ्चलको कुनै पनि जिल्लामा मगरांती भाषीहरुको संख्या १०,००० भन्दा वढी छैन ।
अधिराज्यको मगरहरुको जनसंख्याको तुलना मगर भाषा वोल्ने मगरहरका जनसंख्या ज्यादै कमि देखिन्छ । जनसंख्याको वृद्धि दरमा मगर भाषीको जनसंख्यामा वृद्धि भए को छैन । तुलनात्मक रुपमा मगरांती भाषीहरुको जनसंख्या वृद्धि नभएकोले गर्दा पनि मगरांती भाषीहरुको जनसंख्याले यो भाषाको विकास भएको छैन भन्ने देखिन्छ ।

### ४.२. लिपिको विकास

मगरांती भाषाको आफ्नो लिपि भएको कुराको उल्लेख भए तापनि आज सम्म पाउन सकिएको छैन । भाषाका ध्वनी ईकाइलाई प्रतिनिधित्व गर्ने संकेतलाईनै लिपि भनिन्छ । लिपिको विकास विना डडलख्य भाषाको विकास असम्भव छ । केही वार्ष यता आक्खा लिपिलाई मगरांती लिपि हो भनेर प्रचलनमा ल्याउन खोजिए तापनि आज सम्म देवनागरी लिपिमा ने मगरांती भाषा लेख्ने गरिएको छ । यसरी देवनागरी लिपिले मगरांती भाषाको स्वर र व्यञ्जनको प्रतिनिधित्व राम्ररी गर्न सक्दैन । यसर्थ लिपिको दृष्टिकोणले पनि मगरांती भाषाको विकास ज्यादै नै प्रारम्भिक अवस्थामा रहेको देखिन्छ ।

### ४.३. भाषाको प्रयोग

भाषाको विकास हुनको लागि यसको प्रयोग साधारण जनजीवनमा वाहेक संचार, शिक्षा र मनोरञ्जनका माध्यमको रुपमा प्रयोग हुनु पर्दछ । जनजीवनमा भाषाको प्रचलनले भषालाई सजिव राख्दछ । तर भाषाको विकास भने हुदैन । त्यसैले भाषाको विकास र एकिकरणको लागि भाषा आम संचार, मनोरञ्जन र शिक्षाको माध्यम वन्नु पर्दछ । आम संचारमा रेडियो नेपाले गरेको क्षत्रिय प्रशारण वहेक कहि सरकारी माध्यममा प्रयोग मगरांती भाषाको भएको छैन । मगरांती भाषामा खवर-पत्र पनि निस्केको छैन । कता हो पोखरामा मासिक खवर-पत्र कानुङ खवर निस्केको थियो । त्यसमा पनि राजनैतिक कचिङगलले वन्द भयो भनेर सुनिन्छ । मनोरञ्जनको माध्यमको रुपमा एउटा टेली चित्र-लङ्धन, वनेको छ । संविधामा मातृभाषामा प्राथमिक तह सम्म पढाउन पाउने प्राव्धान भए तापनि आज सम्म यसलाई व्यवहारमा उतारिएको छैन । यस दृष्टिकोणले पनि मगरांती भाषाको विकासको अवस्थालाई प्रारम्भिक चरणनै मान्नु पर्दछ ।

## ४.४. मगरांती भाषाको साहित्यको विकास

भाषाको विकास क्रमलाई सम्बन्धित भाषामा लेखिएको साहित्यका विभिन्न विधाहरु-कथा, कविता, उपन्यास, आदि-को आधारमा जाच्न सकिन्छ। अर्थात सम्बन्धित भाषामा लेखिएका विभिन्न साहित्यका विद्याहरुले पनि भाषाको विकासको परिसूचकको रुपमा काम गर्दछ । मगरांती भाषाको यो परिसूचकलाई हेर्ने हो भने पनि यसको विकास क्रम प्रारम्भिक अवस्थामा छ । मगरांती भाषाका आदि कवि श्री जित व.सिजाली र रेख व.थापाले लेख्नु भएको कविता संग्रह, अयोध्या प्रधान द्वारा लिखित मगर भषाको प्रारम्भिक पुस्तक, एशियाटिक सोसाइटी र सम्मर इनस्च्यूट अफ ल्याङ्वेजले गरेका भाषाका अधययन र प्रकाशनलाई नै मगरांती भाषाको प्रारम्भिक चरणका कार्यहरु हुन । यस पछि मगरहरुको विचमा भाषा सम्बन्धि चेतना जागे पछि (विशेषत २०३५ साल पछि) फाटफुट मगरांती भाषाका पुस्तकहरु र नेपाल मगर संघ र यसका भातृ संगठनहरुले मगरांती भाषामा पत्र-पत्रिका प्रकाशन गरेको पाइन्छ । यी सवै अध्ययन र प्रकाशनलाई हेर्दा गहन किसिमको अध्ययन र साहित्यको प्रकाशन भएको देखिदैन ।

यी माथि उललेखित भाषाको विकासका सवै परिसूचकहरुको विश्लेषणले मगरांती भाषाको विकास क्रम प्रारम्भिक चरणमा छ भन्ने देखाउछ ।

## ५. मातृ भाषाको विकास सम्बन्धित रणनीति

नेपाल मगर संघ एउटा वैधानिक संगठन भएकोले यसले देशको शासन सत्ताको दायरा भित्र रही मातृभाषाको विकासलाई अगाडि बढाउनु पर्दछ । नेपाल मगर संघले मातृभाषाको विकासको लागि निम्नलीखित रणनीतिहरु अप्नाउन पर्दछ:

१) अधिराज्यका मगरहरु वोल्ने भाषा-मगर भाषा, खाम र काईके, लाई मगरांती भाषाको नामाकरण गरी समान रुपमा विकास गरी अन्तमा मगरहरु वोल्ने भाषाको एकिकरण गर्नु पर्दछ ।

२) आज सम्म मगरांती भाषाको वैज्ञानिक रुपमा अध्ययन र अनुसन्धान भएको छैन । यसको अध्ययन र अनुसन्धान गर्नको लागि मगरांती भाषा छात्रवृत्ति स्थापना गरि विशेष गरेर मातृभाषा वोल्ने र भाषा र साहित्यमा विशिष्टीकरण गर्ने विद्यार्थीलाई छात्रवृत्ति दिई हरेक तहमा मगर-भाषा र साहित्य सम्बन्धि शोध पबन्ध-पत्र तयार गर्न लगाउने व्यवस्था गर्नु पर्दछ ।

३) मगर वस्ती भएको स्थानमा अवस्थीत प्राथमिक विद्यालयहरुमा अनिवार्य रुपमा मगरांती भाषाको माध्यमबाट शिक्षा दिने नीति अविलम्व लागु गर्न श्री ५ को सरकारलाई दवाव दिनढढढ पर्दछ र क्रमशः उच्च शिक्षामा ऐच्छिक विषयको रुपमा मगरांती भाषाको पठनपाठन गराउनको लागि पाठयक्रम तयार गरी अध्यापन गराउनको लागि कदम चल्नु पर्दछ । शिक्षालाई व्यवसायीमूलक वनाउने हो भने महाविद्यालय र विश्वविद्यालय तहमा पठन-पाठनको व्यवस्था मिलाए तापनि विद्यार्थीहरु आकषित हुदैन । त्यसैले प्राथमिक तहमा मगरांती भाषाको माधयमबाट पठनपाठन कार्यको लागि अविलम्व श्री ५ को सरकारलाई दवाव दिन पर्दछ ।

४) मगरांती भाषीहरुको वृद्धि गर्नको लागि मगरांती भाषा नवोल्ने क्षेत्रमा मातृभाषा सम्बन्धि चेतना अभिवृद्धि गरी वोलिचालीको मगरांती भाषाका कक्षा संचालन गर्दै जानु पर्दछ ।

५) भाषाको व्यापक रुपमा प्रचार गर्नको लागि र भाषालाई आमसंचारको माध्यमको रुपमा विकास गर्नको लागि दैनिक, साप्ताहिक, र पाक्षिक खवर-पत्र प्रकाशन गरी व्यापक रुपमा, मगरहरुको वस्तीमा विक्री वितरण गर्नुपर्दछ । यसको अलावा  मगरांती भाषाको मासिक, द्वैमासिक, त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन गर्दै जानु पर्दछ ।

६) मगरांती भाषामा मगरांती संस्कृतिलाइे झल्काउने र ज्ञानर्वधक वृत्त चित्र, टेली-चलचित्र र चलचित्र निमार्ण गरि व्यापक रुपमा मगरहरुको वस्तीमा देखाउनु पर्दछ यसो गर्दा मगरांती संस्कृति एक आपसमा आदान प्रदान हुन्छ ।

७) यी माथि उल्लेखित रणनितिहरु नेपाल मगर संघले केन्द्रिय स्तरमा तय गरी आफ्ना अधिनष्ट संगठनहरु मार्फत राष्ट्रव्यापी रुपमा लागु गर्नु पर्दछ । यी रणनीति अुरुप केन्द्रिय कार्य समितिले कार्यकम तय गरी जिल्ला समितिलाई निर्देशन दिनु पर्दछ । जिल्ला समितिले केन्द्रिय समितिले तय गरेको नीति अुनरुप मध्यमकालिन (५ वर्ष) र बार्षिक कार्यक्रम तय गरी आफ्ना मातहतका प्ारम्भिक समिति मार्फत आम मगरहरुमा मातृभाषा सम्बन्धि कार्यक्रम अगाडि वढाउनु पर्दछ ।

८) मगरांती भाषामा जिल्ला स्तरिय र राष्ट्रिय स्तरमा नियमित रुपमा वार्षिक साहित्यिक कार्यक्रम संचालन गनेढढ नीति लिनु पर्दछ ।